आफ्नो घरमा बोलिने भाषाको प्रयोग - अभिभावक तथ्यपत्र

आमाबाबु/हेरचाहकर्ताहरूका लागि जानकारी

बालबालिकाको शिक्षाको एक महत्त्वपूर्ण हिस्सा आमाबाबु र हेरचाहकर्ताहरू हुन्। यो जानकारी पत्रले आमाबाबु र हेरचाहकर्ताहरूले उनीहरुको बालबालिकालाई घरमा बोलिने भाषा/हरूको ख्याल राख्नुको महत्त्व बुझाउन सहयोगार्थ सल्लाह प्रदान गर्दछ।

बहुभाषिकताका फाइदाहरू

तपाईं बहुभाषी हुनुको मतलब तपाईं एक भन्दा बढी भाषामा कुराकानी गर्न सक्नु हो। बहुभाषी बालबालिका हुर्काउनुका धेरै फाइदाहरू छन्।

बहुभाषी दिमाग हुनुको अर्थ तपाईंको बालबालिका ध्यान केन्द्रित गर्नुमा अब्बल हुन सक्छन् र उनीहरु बहु-कार्य गर्न निकै राम्रो हुन सक्छन्। वास्तवमा, अनुसन्धानले "विद्यालय र घर दुवै स्थानमा घरमा बोलिने भाषाहरू र अंग्रेजी सँगसँगै सिक्नले अंग्रेजी सिक्नमा बाधा पुऱ्याउँदैन [तर] यो अंग्रेजी सिक्नको लागि एउटा महत्त्वपूर्ण स्रोत बन्छ" भन्ने देखाउँछ (हर्ट्जबर्ग र भाल्डेज, २०२६, पृष्ठ २०)। यसकारण, अंग्रेजी र आफ्नो घरमा बोलिने भाषा सँगसँगै सिक्न जारी राख्ने बालबालिकाहरूले पछिल्ला वर्षहरूमा उच्च शैक्षिक उपलब्धि हासिल गर्ने सम्भावना अंग्रेजी मात्र सिकेर आफ्नो घरमा बोलिने भाषा बिर्सने विद्यार्थीहरूको तुलनामा बढी हुन सक्छ। आमाबाबु र हेरचाहकर्ताहरूलाई आफ्ना बालबालिकाहरूसँग आफ्नो घरमा बोलिने भाषामा बोल्न र सम्भव भएसम्म त्यही भाषामा पढ्न र लेख्न सिकाउन प्रोत्साहित गरिन्छ।

पहिचान र अपनत्वको भावना

आफ्ना बालबालिकालाई बहुभाषी बनाउनाले उनीहरूलाई आफ्नो संस्कृति र सम्पदाको महत्त्व बुझ्न मद्दत गर्न सक्छ, साथै व्यक्तिगत पहिचानलाई बलियो बनाउन पनि मद्दत गर्न सक्छ। अन्य अरु भाषा जान्नु भनेको तपाईंको बच्चालाई तपाईंको घरमा बोलिने भाषा र संस्कृति बारे राम्रोसँग बुझ्न मद्दत गर्नु हो। बहुभाषी बनाउनाले तपाईंको सांस्कृतिक रीतिरिवाज, विचार र दृष्टिकोण बारेको बुझाइलाई सुदृढ बनाउन सक्छ।

अंग्रेजी सिकाइ

यदि तपाईंका बालबालिकाले अझै पनि अंग्रेजीमा बोल्न, पढ्न र लेख्न सिकिरहेका छन् भने उनीहरूलाई अंग्रेजी एउटा अतिरिक्त भाषा/बोली (EAL/D) को रूपमा सिक्ने व्यक्ति मानिन्छ। तपाईंका बालबालिकालाई अंग्रेजी भाषा सिकाउन मद्दत गर्ने उद्देश्यले विद्यालयमा अतिरिक्त सहायता उपलब्ध गराउन सकिन्छ। यसको अर्थ उनीहरूले विद्यालयमा अंग्रेजी भाषाका विशेषज्ञ शिक्षक EAL/D शिक्षकसँग सिक्नेछन् वा तपाईंका बालबालिकाको मुख्य शिक्षकले आवश्यक पर्दा कक्षाकोठामै थप सहायता गर्नेछन्।

प्रकाशित: सेप्टेम्बर २०२१, अद्यावधिक मिति: मे २०२६

अंग्रेजी सिक्न समय लाग्छ, र तपाईंको बच्चाले आफ्नै गतिमा प्रगति गर्नेछन्। तपाईंले आफ्ना बालबालिकासँग आफ्नो घरमा बोलिने भाषा बोल्न जारी राखेर उनीहरूलाई मद्दत गर्न सक्नुहुन्छ। अंग्रेजी वा अन्य भाषा सिक्दा आफ्नो घरमा बोलिने भाषा सिक्न कायम राख्नु धेरै उपयोगी हुने विज्ञहरूले पत्ता लगाएका छन्। घरमा आफ्नै भाषा प्रयोग गर्न जारी राख्नाले अंग्रेजी सिक्न सजिलो हुन सक्छ किनभने एउटा भाषामा सिकेका अवधारणाहरू प्रायः अर्को भाषामा स्थानान्तरण हुन्छन्।

दोभाषे सेवाहरूको उपयोग

आफ्ना बालबालिकाको विद्यालयसँग कुराकानी गर्न तपाईंले अंग्रेजी बोल्नु पर्दैन। यदि अंग्रेजी तपाईंको मातृभाषा होइन र तपाईं आफ्नै भाषामा बोल्न सहज महसुस गर्नुहुन्छ भने तपाईंले विद्यालयलाई दोभाषेको लागि अनुरोध गर्न सक्नुहुन्छ। यसको लागि कुनै शुल्क लाग्ने छैन। विद्यालयहरूले परिवारहरूका लागि फोन दोभाषे सेवाहरू उपलब्ध गराउन सक्छन्। यदि तपाईं वा तपाईंको परिवारका कुनै सदस्यलाई विद्यालयमा सम्पर्क गर्न मद्दत चाहिन्छ भने तपाईंले यो सेवाको लागि अनुरोध गर्न सक्नुहुन्छ। यो सेवाले तपाईंलाई निम्न कुराहरूमा मद्दत गर्न सक्छ:

- शिक्षक-अभिभावक अन्तर्वार्ता
- अंग्रेजीमा लेखिएका विद्यालय प्रतिवेदनहरु बुझ्न
- तपाईंले पढ्न नजान्ने भाषामा लेखिएका कागजातमा हस्ताक्षर गर्न
- तपाईंका बालबालिकाको सु-स्वास्थ्य बारेका कुनै पनि भेटघाटहरू

घरमा आफ्ना बालबालिकालाई कसरी सहयोग गर्ने

आफ्नो घरमा बोलिने भाषामा पढ्न र लेख्न सिक्नाले तपाईंका बालबालिकालाई अंग्रेजीमा पनि पढ्न र लेख्न सिक्न मद्दत गर्नेछ। बालबालिकाहरूले आफ्नो घरमा बोलिने भाषाबाट हासिल गरेका सीपहरू अंग्रेजी भाषाका अवधारणाहरू सिक्न र बुझ्न प्रयोग गर्दछन्।

निम्न कुराहरू प्रयास गर्नुहोस्:

- आफ्ना बालबालिकासँग हरेक दिन आफ्नो घरमा बोलिने भाषा प्रयोग गर्नुहोस्। यसले तपाईंको घरमा बोलिने भाषा सिक्न मद्दत गर्छ र तपाईंका बालबालिकासँगको सम्बन्ध बलियो बनाउँछ।
- आफ्ना बालबालिकासँग आफ्नो घरमा बोलिने भाषामा किताबहरू पढ्नुहोस् र टि.भी. कार्यक्रमहरू हेर्नुहोस्। यो शैक्षिक गतिविधिहरू नै हुनुपर्छ भन्ने होइन, रमाइलोका लागि यस्ता कार्यहरू गर्नु पनि महत्त्वपूर्ण हुन्छ।
- आफ्नो बाल्यकालका गीत र कथाहरू सुनाउनुहोस्। परिवारहरूसँग पुस्तान्तरण गर्न समृद्ध सम्पदा हुन्छ र बालबालिकाहरूले आफ्ना आमाबाबु र हेरचाहकर्ताको बाल्यकाल बारेमा सुन्न पाउँदा प्रसन्न हुन्छन्।
- आफ्नो स्थानीय पुस्तकालयमा जानुहोस्। ACT का पुस्तकालयहरूमा धेरै भाषाहरूका पुस्तकहरू सापटी लिनको लागि उपलब्ध छन् र साना बालबालिकाहरू र उनीहरूका अभिभावकहरूका लागि द्विभाषी कथा सुनाउने कार्यक्रमहरू छन्।

प्रकाशित: सेप्टेम्बर २०२१, अद्यावधिक मिति: मे २०२६

- अङ्ग्रेजी र आफ्नो घरमा बोलिने भाषामा अडियो पुस्तकहरू सुन्नुहोस्।
- आफ्नो संस्कृति र परम्परा आदानप्रदान गर्नुहोस्। शिक्षकहरूले संस्कृति र परम्पराहरू आदानप्रदान गर्न र कक्षाकोठामा आगन्तुकहरूलाई स्वागत गर्न अभिभावक र हेरचाहकर्ताहरूको भूमिकालाई महत्व दिन्छन्। तपाईंले आफ्ना बालबालिकाको शिक्षकसँग कुरा गर्न र कक्षामा किताब वा कथाहरु आदानप्रदान गर्ने व्यवस्था मिलाउन चाहनुहुन्छ होला।
- समुदायमा हुने गतिविधिहरू खोज्नुहोस्। ACT मा वर्षभरि धेरै सांस्कृतिक कार्यक्रम र गतिविधिहरू हुन्छन्। आफ्नो घरमा बोलिने भाषा बोल्ने अन्य परिवारहरूलाई भेट्नुहोस् वा आफ्नै कार्यक्रम सुरु गर्न अन्य परिवारहरूसँग सामेल हुनुहोस्।
- तपाईंका बालबालिकाहरू ठूला हुँदै जाँदा आफ्नो घरमा बोलिने भाषा प्रयोग गरिरहनुहोस्। कहिलेकाहीँ बालबालिकाहरू ठूला हुँदै जाँदा अंग्रेजी बोल्न रुचाउँछन्। दुई (वा बढी) भाषा जान्नुका फाइदाहरूको बारेमा आफ्ना बालबालिकाहरूसँग कुरा गर्नुहोस्। आफ्नो घरमा बोलिने भाषामा बोल्न जारी राख्नुहोस् र यसलाई आफ्नो परिवारको भाषा र संस्कृतिको रूपमा प्रयोग गर्न प्रतिबद्ध रहनु गर्वको कुरा हो।

सन्दर्भ सामग्रीहरू

हर्ट्जबर्ग, एम. एल., र भाल्डेज, सी. (२०२६)। मूलधाराका कक्षाकोठामा EAL/D विद्यार्थीहरूलाई शिक्षण (दोस्रो संस्करण)। प्राथमिक अंग्रेजी शिक्षण संस्था अष्ट्रेलिया (PETAA)।

प्रकाशित: सेप्टेम्बर २०२१, अद्यावधिक मिति: मे २०२६